## निर्णयहरुः

**निर्णय नं. १**

आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट तथा कार्यक्रमको लक्ष्य, प्रगति र प्राप्त उपलव्धीका सम्वन्धमा समीक्षात्मक छलफल गरियो। चालु आर्थिक वर्षको दुई चौमासिक अवधि व्यथित भइरहँदा संघतर्फको पूँजिगत खर्च ३६.१७ प्रतिशत र प्रदेश तर्फको पूँजिगत खर्च १४.३७ प्रतिशत मात्र हुनुले यस आ.व. को बाँकी अवधिमा घोषित लक्ष्य प्राप्तिका अझ थुप्रै मिहेनत गर्नु पर्ने देखिएको छ। तसर्थ सम्वन्धित सबै कार्यालयका प्रमुखहरुले तोकिएको भौतिक तथा वित्तीय प्रगति हासिल गर्न बाँकी अवधिको कार्ययोजना बनाएर तदारुकताका साथ कार्य सम्पादन गर्ने।

**निर्णय नं. २**

यस अघि कार्यालय प्रमुखको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षात्मक छलफल गरियो। उक्त निर्णयहरुको कार्यान्वयन गर्न बाँकी अनिवार्य रुपमा e-TDS गर्ने व्यवस्था मिलाउने लगायतका विषयहरु तदारुकताका साथ कार्यान्वयन गर्ने।

**निर्णय नं. ३**

यस जिल्लामा सुख्खा याममा हुन सक्ने हावा, हुरी, हुण्डरी, डडेलो, आगजनी, चट्याङ जस्ता विपदजन्य घटनाका सम्भावनालाई मध्यनजर गरी सबै सरोकारवाला निकायहरुले आपसी समन्वयमा उच्च सतर्कताका साथ तयारी अवस्थामा रहने। साथै मनसुनका अवस्थामा हुन सक्ने बाढी, पहिरो, डुवान लगायतका सम्भावित विपदबाट हुने क्षति न्यूनीकरणका लागि पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्न सम्वन्धित सबै कार्यालय प्रमुखहरुले आवश्यक सहयोग सहितको भूमिका निर्वाह गर्ने।

**निर्णय नं. ४**

कार्यालय प्रमुखहरुले सरकारी वा निजी कामको सिलसिलामा जिल्ला बाहिर जाँदा कार्यालय व्यवस्थापनको भरपर्दो व्यवस्था मिलाई प्रमुख जिल्ला अधिकारी वा सहायक प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएर मात्र जाने र सार्वजनिक बिदाका दिनमा सरकारी कामका निम्ति अनिवार्य रुपमा सवारी पास लिएर मात्र सवारी साधन सञ्चालन गर्ने।

**निर्णय नं. ५**

कार्यालय प्रमुखहरुले कार्यालयमा समयपालना, अनुशासन, सदाचार प्रवर्द्धन र पेशागत आचरण कायम राख्न विशेष ध्यान दिने। वित्तीय अनुशासन र उत्तरदायित्व कायम राख्ने। आन्तरिक नियन्त्रण प्रणालीलाई कसिलो बनाउने। सकारात्मक सोच सहित सुधारको कार्ययोजना बनाएर परिवर्तनका निम्ति विशेष पहलकदमी लिने। सेवा प्रवाह र सुशासनका सन्दर्भमा यस अघिका बैठकबाट भएका निर्णयहरु तदारुकताका साथ कार्यान्वयन गर्ने।